आज मिति २०८२/०६/१६ गते काठेखोला गाउँपालिका, अध्यक्ष श्री राजु थापा ज्यूको अध्यक्षतामा बसेको आ. व. २०८२/०८३ अन्तर्गतको २०८२ श्रावण देखि २०८३ असोज मसान्त सम्मको अवधिको प्रथम त्रैमासिक समीक्षा बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम रहेको छ।

उपस्थिति :-

१. श्री राजु थापा - अध्यक्ष काठेखोला गा०पा०
२. श्री तेज बहादुर थापा - उपाध्यक्ष ,,
३. श्री उत्तम पौडेल - प्र० प्र० अ० एवं योजना शाखा प्र
४. श्री विद्यापति शर्मा - वडाध्यक्ष वडा नं २
५. श्री कुल ब. वि.क. - ,, ३
६. श्री लक्ष्मण पुन - ,, ४
७. श्री श्यामनाथ कंडेल - ,, ५
८. श्री बृहस्पति शर्मा - ,, ६
९. श्री प्रेम बहादुर जि.सी. - ,, ७
१०. श्री टिका संगम वि.क. - प्रवक्ता एवं का०पा० सदस्य
११. श्री सुनतली वि०क० - का०पा० सदस्य
१२. श्री भुमादेवी पुन - ,,
१३ श्री रामानन्द कँडेल ,, ,, स्वास्थ्य
१४ श्री अर्चना शर्मा स. पाँचौं
१५. श्री शर्मिला बोहरा प्राविधिक शाखा
१६. शुला थापा उ० वि. स.
१७. बिस्मीता भण्डारी रोजगार प्राविधिक
१८ आनन्द के० सी० प्राविधिक
१९ भिम बहादुर थापा पं. पाचौं
२० टिकाराम काँठा उ. वि. स
२१. गंगा थापा 'भिक्षु' निजी सचिव अध्यक्ष, गा.पा. अध्यक्ष
२२. रश्मी गौतम स म वि नि
२३. अञ्जली कंडेल क. स्ना. प्र
२४ गोपाल शर्मा आयुर्वेद शाखा प्रमुख (अधिकृत छैठौं)
२५. होम बहादुर थापा मगर पशु सेवा शाखा
२६. प्रकाश पौडेल अधिकृत सातौं

आर्थिक वर्ष २०८२/०८३ को प्रथम त्रैमासिक अवधिमा स्वीकृत नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयन अवस्था, भौतिक तथा वित्तीय प्रगति, सेवा प्रवाह, राजस्व संकलन, योजना तथा कार्यक्रमको प्रगति र आगामी अवधिमा गर्नुपर्ने सुधार सम्बन्धमा समीक्षा।

**निर्णय नं. १**

**आ.व. २०८२/०८३ को प्रथम त्रैमासिक प्रगति समीक्षा गर्ने सम्बन्धमा।**

आर्थिक वर्ष २०८२/०८३ का लागि स्वीकृत नीति, कार्यक्रम तथा बजेट अनुसार प्रथम त्रैमासिक अवधिमा सञ्चालन भएका योजना तथा कार्यक्रमहरूको भौतिक तथा वित्तीय प्रगति, राजस्व संकलन, सेवा प्रवाह, प्रशासनिक कार्यसम्पादन तथा शाखागत प्रगतिको समीक्षा गरियो। सम्बन्धित शाखा/इकाईबाट प्रस्तुत प्रगति विवरणमाथि छलफल गर्दा स्वीकृत कार्यक्रमहरू कार्यान्वयनको क्रममा रहेको र बाँकी कार्यक्रमहरूलाई निर्धारित समयभित्र सम्पन्न गर्न आवश्यक देखिएकोले तपसिल बमोजिम गर्ने निर्णय गरियो।

**तपसिलः-**

१. प्रथम त्रैमासिक अवधिमा सञ्चालन भएका योजना तथा कार्यक्रमहरूको स्वीकृत वार्षिक कार्यक्रम, बजेट तथा कार्ययोजनासँग तुलना गरी प्रगति विवरण अद्यावधिक गर्ने।

२. सञ्चालनमा रहेका योजनाहरूको सम्झौता, कार्यादेश, कार्यप्रगति, अनुगमन तथा भुक्तानीको अवस्थालाई अभिलेखमा व्यवस्थित गरी बाँकी कार्य समयमै सम्पन्न गर्ने व्यवस्था मिलाउने।

३. प्रथम त्रैमासिक अवधिमा न्यून प्रगति भएका वा कार्यान्वयन हुन नसकेका योजना तथा कार्यक्रमहरूको कारण पहिचान गरी आवश्यक समन्वय तथा सहजीकरणमार्फत कार्यान्वयनमा ल्याउने।

४. स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन गर्दा प्रचलित कानून, कार्यविधि, मापदण्ड तथा सार्वजनिक खरिदसम्बन्धी प्रावधानहरूको पूर्ण पालना गर्ने।

५. सेवा प्रवाहलाई थप प्रभावकारी, सरल, पारदर्शी तथा नागरिकमैत्री बनाउन शाखा तथा वडा कार्यालयहरूले आफ्नो जिम्मेवारीअनुसार आवश्यक सुधार गर्ने।

६. राजस्वका सम्भावित स्रोतहरूको पहिचान गरी राजस्व संकलनलाई प्रभावकारी बनाउने तथा राजस्व प्रशासनलाई व्यवस्थित र पारदर्शी बनाउने।

७. कार्यालयबाट प्रवाह हुने सेवाहरूको अभिलेख, निर्णय, पत्राचार, योजना तथा कार्यक्रमसम्बन्धी कागजातहरू व्यवस्थित रूपमा सुरक्षित राख्ने र आवश्यक प्रमाण कागजात डिजिटल प्रणालीमा समेत अद्यावधिक गर्ने।

८. कार्यालयका महत्वपूर्ण सूचना, निर्णय, नीति, कार्यक्रम, बजेट, प्रगति विवरण तथा सार्वजनिक सरोकारका विषयहरू नियमानुसार सार्वजनिक गर्ने व्यवस्था मिलाउने।

९. विकास निर्माण तथा सेवा प्रवाहसँग सम्बन्धित योजनाहरूको नियमित अनुगमन तथा निरीक्षण गरी देखिएका समस्या तत्काल समाधान गर्न सम्बन्धित शाखा/वडालाई जिम्मेवार बनाउने।

१०. प्रथम त्रैमासिक समीक्षाबाट पहिचान भएका कमीकमजोरी तथा सुधार गर्नुपर्ने विषयहरूलाई आगामी त्रैमासिक अवधिको कार्ययोजनामा समावेश गरी कार्यसम्पादनमा सुधार गर्ने।

निर्णय नं. २

**आगामी त्रैमासिक कार्ययोजना सम्बन्धमा।**

प्रथम त्रैमासिक समीक्षाबाट प्राप्त निष्कर्षका आधारमा दोस्रो त्रैमासिक अवधिमा सम्पन्न गर्नुपर्ने योजना तथा कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने, न्यून प्रगति भएका कार्यक्रमको प्रगति बढाउने तथा स्वीकृत वार्षिक लक्ष्य हासिल हुने गरी शाखागत कार्ययोजना बनाई कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. ३

**समग्र कार्यसम्पादन सुधार सम्बन्धमा ।**

स्थानीय तहको संस्थागत क्षमता, सुशासन, पारदर्शिता, जवाफदेहिता, वित्तीय अनुशासन, सेवा प्रवाह तथा विकास व्यवस्थापनमा सुधार गर्दै स्थानीय शासन कार्यसम्पादनलाई प्रभावकारी बनाउने गरी सबै शाखा, वडा कार्यालय तथा सम्बन्धित कर्मचारीहरूले आ–आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरू कार्यान्वयन गर्ने/गराउने जिम्मेवारी सम्बन्धित शाखा प्रमुख तथा कर्मचारीहरूलाई दिने निर्णय गरियो।